# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन

# २०७९

## उदयपुरगढी गाउँपालिका

## उदयपुर




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाहलगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमालगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनउपर छलफल र बेरुजु फस्यौंटसम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफलसमेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**टंकमणि शर्मा, दंगाल**

२०७९ आषाढ **महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय
## Office of the Auditor General
अनामगाउँ, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal


**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, प्रदेश नम्बर १**

पत्र संख्याः २०७८।७९
च.नं. ४७०

मितिः २०७९।३।२४

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
उदयपुरगढी गाउँपालिका, गाँउकार्यपालिकाको कार्यालय,
उदयपुर ।

**कैफियतसहितको राय**

हामीले उदयपुरगढी गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाँउपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग नगरी वित्तीय विवरण तयार गरेको छ।
२. लेखापरीक्षणबाट रू ४५ लाख ८२ हजार समायोजन समेत बेरुजु देखिएको छ। सोमध्ये असुल गर्नुपर्ने रू २ लाख ९८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू १० लाख ५० हजार, र पेश्की रू ३२ लाख ३४ हजार रहेको छ ।गाउँपालिकाको गत वर्ष रु २ करोड ७२ लाख १३ हजार बेरुजु बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु ३ करोड १० लाख १४ हजार रहेको छ । गाउँपालिकाको **बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेकोलगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरणउपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूतरूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(पद्मप्रसाद आचार्य)
नायब महालेखापरीक्षक


Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

उदयपुरगढी गाउँपालिका

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ४१ | ३२ | ४५८२ | ० | ० | ० | ४१ | ३२ | ४५८२ | २९८ | ० | १०५० | ० | ० | १०५० | ३२३४ |

## अद्यावधिक बेरुजु स्थिति

## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| उदयपुरगढी गाउपालिका उदयपुर | २७२१३ | ० | ७८१ | २६४३२ | ० | ४५८२ | ३१०१४ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : उदयपुरगढी गाउँपालिका, उदयपुर , उदयपुरगढी गाउँपालिका , उदयपुर

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | माधव सुवेदी | २०७७-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | शेखर कुमार बुढाथोकी | २०७७-४-१ | |
| | | **बेरुजु रकम** | ४,५८१,७७६ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ९,३१,८१,८८५ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३९,५३,१५,०६९ | **चालु खर्च** | २९,१०,३८,३९६.१३ |
| **प्रदेश सरकारबाट अनुदान** | २,१४,९७,००० | **पूँजीगत खर्च** | १७,३९,२९,७८८.३२ |
| **राजश्व बाँडफाँट** | ८,९२,४६,१३० | **वित्तीय/अन्य व्यवस्था** | १४,७५,३६,६३५.७६ |
| **आन्तरिक आय** | ६९,५२,३८८.९१ | | |
| **अन्य आय** | ९,३२,९१,२९१ | | |
| **कुल आय** | ६०,६३,०१,८७८.९१ | **कुल खर्च** | ६१,२५,०४,८२०.२१ |
| **बाँकी मौज्दात** | | ८,६९,७८,९४४ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **प्रबेश तथा बहिर्गमन**<br>गाउँपालिकाको आर्थिक वर्ष २०७७।७८ को लेखापरीक्षण मिति २०७८।९।१३ देखि ५ कार्यदिनमा नेपाल लेखापरीक्षण व्यवस्थापन सिस्टममा स्विकृत कार्यालय लेखापरीक्षण योजना बमोजिम सो योजनमा स्विकृत जोखिम समुहमा आधारित रहेर सफ्टवेयर प्रणालिबाट लेखापरीक्षण सम्पन्न गरिएको छ ।श्रेस्ता अबलोकनको क्रममा प्राप्त प्रमाण,सब्बन्धित पदाधिकारीको जवाफ, र मिति २०७८।10।10 को व्यवस्थापनसँगको वहिर्गमन बैठकमा छलफल गरी प्राप्त प्रमाणबाट हटाई बाकी रहेका व्यहोरा सहितको लेखापरीक्षण प्रारम्भिक प्रतिवेदन नेपाल लेखापरीक्षण व्यबस्थापन सिस्टम बाट जारी गरिएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । आर्थिक कारोबार र वित्तीय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापनको रहेको छ ।लेखापरीक्षणको क्रममा रु १४६०१२ असुली भएको छ। | |
| २ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले उदयपुरगढी गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस गाउपालिकाको उद्देश्य रहेको छ । उदयपुरगढी गाउँपालिका अन्तर्गत ८ वडा, ४२ सभा सदस्य, २४१.०८ वर्ग किलोमिटर क्षेत्रफल तथा ३० हजार ७८० जनसंख्या रहेको छ । | |
| ३ | | | **प्राप्ति र भुक्तानी हिसाबको अवस्था** | |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम उदयपुरगढी गाउपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनको क्रममा भएका व्ययहरुको आर्थिक वर्ष २०७७।७८ मा प्राप्ति र भुक्तानी हिसाबको समग्र संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ।

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ५५,४०,३७,२१० | ६०४३४६५९१ | ५७५५३२३ | ६१०१०१९१४ | ५७०२३८५१५ | १५३२४८३७ | ५८५५६३३५२ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ५५,४०,३७,२१० | ५१६८१०६२३ | ५७५५३२३ | ५२२५६५९४६ | ४६१७८१२३० | १५३२४८३७ | ४७७१०६०६७ |
| ११००० कर | ११ | १०,०७,९८,९४० | ९६१९८५१९ | ० | ९६१९८५१९ | ९०६३०७६२ | ० | ९०६३०७६२ |
| १३००० अनुदान | | ४४,४२,३८,२७० | ४१६८१२०६९ | ५७५५३२३ | ४२२५६७३९२ | ३६९०७४१९९ | १५३२४८३७ | ३८४३९९०३६ |
| संघीय सरकार | १२ | ४१,१५,२४,२७० | ३९५३१५०६९ | ५७५५३२३ | ४०१०७०३९२ | ३२७२८८९३० | १५३२४८३७ | ३४२६१३७६७ |
| प्रदेश सरकार | १२ | २,१५,३०,००० | २१४९७००० | ० | २१४९७००० | ३९७०९००० | ० | ३९७०९००० |
| बैदेशिक श्रोत | १२ | १,११,८४,००० | ० | ० | ० | ० | ० | ० |
| १४००० अन्य राजस्व | | ९०,००,००० | ३८०००३५ | ० | ३८०००३५ | २०७६२६९ | ० | ० |
| ख. अन्य प्राप्ति | | ८७४४२००० | ८७५३५९६८ | | ८७५३५९६८ | १०८४५७२८५ | | १०८४५७२८५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० | | |
| | | | | कोषहरु | | ० | ० | ० | ० | १०९८५००० | ० | १०९८५००० | | |
| | | | | धरौटी | | ० | ५८०५५६ | ० | ५,८०,५५६ | १५१५८७२ | ० | १५१५८७२ | | |
| | | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ८७४४२००० | ८६९५५४१२ | ० | ८६९५५४१२ | ९५९५६४१३ | ० | ९५९५६४१३ | | |
| | | | | भुक्तानी (ग+घ) | | ६१,७०,१८,२४३ | ६०७५८८९६० | ८७१५८९५ | ६१६३०४८५५ | ५८६३७६१७८ | ९९५५४५८ | ५९६३३१६३६ | | |
| | | | | ग. भुक्तानी (सञ्चित कोषबाट) | | ६१,७०,१८,२४३ | ५२०४७७६०८ | ८७१५८९५ | ५२९१९३५०३ | ४७८८१७०१५ | ९९५५४५८ | ४८८७७२४७३ | | |
| | | | | २१००० पारिश्रमिक / सुविधा | १८ | १८,१७,०८,२१० | १४६३५८९७७ | ० | १४,६३,५८,९७७.८६ | १४२७७८४७५ | ० | १४२७७८४७५ | | |
| | | | | २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १८,३७,५१,००० | १४०३०१९५८ | ० | १४,०३,०१,९५८.२७ | १३१७७३९६१ | ५२८१८०९ | १३७०५५७७० | | |
| | | | | २५००० सहायता (Subsidy) | १८ | ३०,९१,००० | २८८७००० | ० | २८,८७,००० | १५०००० | ० | १५०००० | | |
| | | | | २८००० अन्य खर्च | १८ | २०,००,००० | १४९८४६० | ० | १४,९८,४६० | २३३५६०३ | ० | २३३५६०३ | | |
| | | | | ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २४,६४,६८,०३३ | १७३९२१७८८ | | १७३९२१७८८ | २०१७७८९७६ | ४६७३६४९ | २०६४५२६२५ | | |
| | | | | सडक बोर्ड | | ० | १९३२०५८ | | १९३२०५८ | | | | | |
| | | | | साना सिचाई कर्यक्रम | | | २१७७९७१ | ८७१५८९५ | १०८९३८६६ | | | | | |
| | | | | वातावरण विभाग | | ० | २७१९७७ | | २७१९७७ | | | | | |
| | | | | संघीय सरकार अनुदान फित्ता | | | ३०९५३६१६ | | ३०९५३६१६ | | | | | |
| | | | | प्रदेश सरकार अनुदान फित्ता | | | २०१७३८०२ | | २०१७३८०२ | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| घ. अन्य भूक्तानी | | ८७४४२००० | ८७१११३५२ | | ८७१११३५२ | १०७५५९१६३ | | १०७५५९१६३ |
| कोषहरु | | ० | ० | ० | ० | १०९२०६६३ | ० | १०९२०६६३ |
| धरौटी | | ० | १५५९४० | ० | १,५५,९४० | ९१७६९५ | ० | ९१७६९५ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ८७४४२००० | ८६९५५४१२ | ० | ८६९५५४१२ | ९५१८४२०४ | ० | ९५१८४२०४ |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | ० | | ० | -२३५३९९ | | -२३५३९९ |
| ङ. यो वर्षको बचत (न्युन) | | | -३२४२३६९ | -२९६०५७२ | -६२०२९४१ | -१६१३७६६२ | ५३६९३७९ | -१०७६८२८३ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ९३१८१८८५ | | ९३१८१८८५ | १०३६४३३४६ | | १०३६४३३४६ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | | ८९९३९५१७ | -२९६०५७२ | ८६९७८९४४ | ८७५०५६८४ | ५३६९३७९ | ९२८७५०६३ |
| बैंक तथा नगद बाकी | २४ | | ८९९३९५१७ | | ८६९७८९४४ | ८७५०५६८४ | | ९२८७५०६३ |

- स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणालीबाट तैयारी भएको प्राप्ति तथा भुक्तानी हिसाब र बैंक नगदी किताब नभिडेको कारण प्राप्ति तथा भुक्तानी हिसाबलाई एक्सलमा ल्याई अपडेट गर्नुपरेको र सिग्यासको निकासा खर्च पनि प्राप्ति तथा भुक्तानी हिसाब नआई एक्सलमा ल्याई अपडेट गर्नुपरेको कारणबाट सुत्रको पूर्ण रुपमा प्रयोग भएको पाईएन ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा स्थानान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।
- पालिकाको प्राप्ति तथा भुक्तानी हिसाबको अनुसुचि २४ मा रु ८६९३१०७२ मौज्दात देखिएको तर प्राप्ति तथा भुक्तानी हिसाबमा रु ८६९७८९४४।५४ देखिएकोले फरक देखिएको रु ४७८७२।५४ एकिन गरी हिसाब मिलान हुनुपर्दछ । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरू तथा खाताहरू अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी सुत्रबाट लेखांकन हुनुपर्दछ ।

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४</td><td></td><td></td><td>अन्तर सरकारी अख्तियारी<br>आर्थिक कार्यबिधि तथा नियमावली बित्तीय उत्तरदायित्त्व नियमाबली २०७७ को नियम ४६ मा स्थानिय तह मार्फत कुनै आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्नेगरी निर्णय भएमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयले स्थानिय तहलाई संघिय निकायको ईकाईका रुपमा कार्यालयको कोड उपलब्ध गराई एकल खाता कोष प्रणाली अनुसार आर्थिक कारोबार सञ्चालन गर्ने गरी त्यस्तो कार्यक्रमको भुक्तानी निकासा दिने र अन्तर सरकारी अख्तियारी बमोजिम कार्यक्रम गर्ने कार्यालयले त्यस्तो अख्तियारी अनुसार भएको खर्चको मासिक, त्रैमासिक र बार्षिक प्रतिबेदन स्विकृत ढाचामा अख्तियारी दिने निकायमा पठाउनुपर्ने ब्यबस्था छ । पालिकालाई यस बर्ष देहाय बमोजिम अन्तर सरकारी अख्तियारी बमोजिम कार्यक्रम कार्यन्वयन गर्न अख्तियारी तथा निकासा प्राप्त भई खर्च समेत भएकोमा खर्चको मासिक, त्रैमासिक र बार्षिक प्रतिबेदन अख्तियारी दिने निकायमा पठाएको देखिएन । कानुनमा भएको ब्यबस्था अनुसार खर्चको मासिक, त्रैमासिक र बार्षिक प्रतिबेदन अख्तियारी दिने निकायमा पठाउनु पर्दछ ।
<table>
<tr><th>ब.उ.शि.नं.</th><th>बजेट</th><th>निकासा</th><th>खर्च</th></tr>
<tr><td>314010123</td><td>78696000</td><td>78404867</td><td>78404867</td></tr>
<tr><td>365001043</td><td>8200000</td><td>8044545</td><td>8044545</td></tr>
<tr><td>३३६००१०२३</td><td>546000</td><td>506000</td><td>506000</td></tr>
<tr><td>जम्मा</td><td>87442000</td><td>86955412</td><td>86955412</td></tr>
</table></td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>खर्च बिश्लेषण<br>गाउँपालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु 6952388.91 राजस्व बाँडफाँड र अनुदानबाट रु ५१४०५८१९९।०० गरी जम्मा रु 521010587.91 आम्दानी भएकोमा चालु तर्फ रु. २९१०३८३९६।१३ र पूँजिगत तर्फ रु.१७३९२९७८८।३२.समेत रु ४६४९६८१८४।४५ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.49 प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु 6162500 खर्च भएको छ जुन आन्तरिक आयको 88.६३ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५६.६१% चालु र ३३.६४ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट नगरपालिकाले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>सार्बजनिक सम्पति ब्यबस्थापन प्रणाली<br>नेपाल सरकार मन्त्रिपरिदको २०७७।७।२० को निर्णय अनुसार सबै तहको सरकारी कार्यालयहरुको सार्बजनिक कोषको खर्चमा बित्तिय पारदर्शिता र जवाफदेहिता साथै बिद्युतिय सुशासन कायम गरी सेबा प्रबाहमा चुस्तता र गुणस्तरीय र प्रभाबकारीता कायम गर्न सर्बजनिक सम्पत्तिको लेखाङकन, प्रतिबेदन र एकिकृत बिबरण तयार गर्न संघ र प्रदेशका सबै कार्यलयहरु एवं सबै स्थानिय तहमा सार्बजनिक सम्पत्ति ब्यबस्थापन प्रणाली ( PAMS ) आ ब २०७७।७८ देखि अनिबार्य रुपमा लागु गरेकोमा यस बर्ष पालिकाले सो निर्णय बमोजिम PAMS बाट सम्पत्तिको अभिलेख गरेको पाईएन। PAMS बाट अभिलेख राखि सार्बजनिक सम्पत्ति तथा जिन्सी सम्पतीको ब्यबस्थापन अभिलेख गरीनुपर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७</td><td></td><td></td><td>
बैक हिसाब मिलान<br>
स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्रुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा तयार गरेको देखिएन । स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको खाता अनुसार आषाढ मसान्तको बैक मौज्दात रु. ८६९३१०७२. देखिएकोमा सो अबधिमा बैक अनुसार बैक मौज्दात रु११३२३३९०८ देखिएकोले श्रेस्ता भन्दा बैक बढी देखिएको रु.२६३०२८३६ सम्बन्धमाबैंक हिसाब मिलान विवरण तयार गरी यकिन गरिनुपर्दछ।
<table>
<tr><th>खाताको नाम</th><th>श्रेस्ता अनुसारबाँकी</th><th>आषाढ बैंक स्टेटमेण्ट अनुसार बाँकी</th><th></th></tr>
<tr><td>चालु खर्च खाता</td><td>१०९२६७०६</td><td>४२७१६६२१</td><td></td></tr>
<tr><td>पूँजिगत खर्च खाता</td><td>-७३६५६७</td><td>३३०४२५६८</td><td></td></tr>
<tr><td>स्थानिय तह धरौटि खाता</td><td>११९१४८८</td><td>१२४४९१२</td><td></td></tr>
<tr><td>स्थानिय तह सञ्चित कोष खाता</td><td>७१७७९२४०</td><td>३६२२९८०७</td><td></td></tr>
<tr><td>आन्तरीक अनुदान खाता</td><td>0</td><td>०</td><td></td></tr>
<tr><td>राजश्व बाडफाड खाता</td><td>0</td><td>०</td><td></td></tr>
<tr><td>आन्तरीक राजश्व खाता</td><td>0</td><td>०</td><td></td></tr>
<tr><td>जम्मा</td><td>८६९३१०७२</td><td>११३२३३९०८</td><td>२६३०२८३६</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>
आन्तरिक नियन्त्रण प्रणाली<br>
स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।
<ul>
<li>स्थानीय सरकार सञ्चालन ऐन २०७४, आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व कानून तथा पालिकाको कारोवारको आकार, जटिलता तथा संरचना बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा गरेको देखिएन ।</li>
<li>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा प्रत्येक बर्ष अद्याबधिक गरेको देखिएन ।</li>
<li>पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको देखिएन ।</li>
<li>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन ।</li>
<li>पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्याविधक गरेको छैन</li>
<li>सार्वजनिक खरिद नियमावलि 2064 को नियम ७ र ८ बमोजिम खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको देखीएन ।</li>
<li>संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरे देखिएन ।</li>
<li>वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको छैन ।</li>
<li>बेरुजु अभिलेख सम्बन्धि फारम ब्यबस्था भएकोमा सो फारमहरुमा अभिलेख गरेको पाईएन ।</li>
<li>मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक गरेको देखिएन ।</li>
</ul>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९ | | | **कानून निर्माण एवं कार्यान्वयन** | |
| ९.१ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार ५ ऐन ३ नियमवली, निर्देशिका ४, कार्यविधि र मापदण्ड १ बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार आवश्यक ऐन नियम स्वीकृत भए पनि हालसम्म थप आबश्यक कानुन बनाई प्रकाशन भएको देखिएन । | |
| ९.२ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्मले अधिकार क्षेत्र तथा न्यायसम्पादन प्रक्रियाको व्यवस्थागरेको छ।समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिका आधारमा विबाददर्ता भएको ३महिना भित्र टुङ्गो लगाउने व्यवस्था छ।न्यायिक समितिमा गत बर्षको फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी नदेखिएको र योबर्ष २४ विवाददर्ता भएकोमा १९ वटा बिबाद फछ्र्यौट भई ५ वटा बाँकी रहेको बिबरण प्राप्त भएको देखिएको छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| १० | | | **खरिद व्यवस्थापन** | |
| १०.१ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन पालिकाका कार्यक्रमहरुको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको सार्वजनिक परीक्षण र सार्बजनिक सुनुवाई गरेको देखिएन । | |
| १०.२ | | | सार्बजनिक खरिद नियमवली २०६४ को नियम ११५ मा सार्बजनिक निकायले आपुर्ति गरीएका मालसामान सम्झौतामा उल्लेखित प्राबिधिक स्पेशिफिकेशन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गराउनुपर्ने ब्यबस्था छ ।खरिद सम्झौता कार्यान्वयन गर्दा सामान आपूर्तिमा गुणस्तर परीक्षण र निरीक्षण भएको देखिएन । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>११</td><td></td><td></td><td>
सम्पत्ति उपयोग र संरक्षण<br>
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्त्व नियमावली, २०७७ को नियम ९४ मा कुनै कर्मचारीको जिम्मामा रहेको सरकारी सम्पत्तिको हिनामिना नहुने गरी लगत स्रेस्ता सहित त्यसको संरक्षण गर्ने कर्तव्य त्यस्तो सम्पत्ति जिम्मा लिने कर्मचारी र सम्बन्धित कार्यालय प्रमुखको हुनेव्यवस्था रहेको छ यस गाउँपालिका कार्यालय तथा वडा कार्यालयहरु मा रहेका सम्पत्तिहरूको विवरण देहाय अनुसार छः
<table>
<tr><th>मुख्य सम्पति तथा मालसामानको नाम</th><th>जग्गाको क्षेत्रफल</th><th>भबन तथा सवारीको परिमाण</th><th>मुल्य रकम</th><th>सम्पति तथा मालसामानको बर्तमान अबस्था</th><th>प्रयोग/कैफियत</th></tr>
<tr><td>जग्गा</td><td>१६ रोपनि</td><td>नखुलेमो</td><td>८५००००</td><td>८ रोपनि पुर्जा भएको अन्य ऐलानी</td><td></td></tr>
<tr><td>जिप</td><td></td><td>२</td><td>३७६६००१</td><td></td><td></td></tr>
<tr><td>मोटरसाईकल</td><td></td><td>२०</td><td>नखुलेको</td><td></td><td></td></tr>
<tr><td>एम्बुलेन्स</td><td></td><td>४</td><td>४००००००</td><td></td><td></td></tr>
</table>
उल्लेखित बिबरण आधारमा अबलोकन गर्दा पालिकाले आफ्नो भबनमा प्रयोगमा रहेको एलानी जग्गाको कानून अनुसार नेपाल सरकारबाट भोगचलन स्विकृती नलिएको, म ले प फारम ९०६ बमोजिम सवारी साधन र मेशिनरीको मर्मत अभिलेख ब्यबस्थित नभएको ,एम्बुलेन्स सञ्चालन कार्यविधि तयार गरी सो बमोजिम प्रभाबकारी कार्यान्वयन गरी प्रयोगको अभिलेख ब्यबस्थित नभएको ,र सघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको 2073।12।25 को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा सम्पति,साविकका संघीय बिषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख , पालिका कार्यालय स्थापना पछि वडा कार्यालयमा रहेका जिन्सी समान सहितको अभिलेख तथा साविकका गाउ बिकास समितिका कार्यालयका कोषहरु हस्तान्तरण गरी पालिकाको मुल अभिलेख तथा जिन्सी खातामा अधाबधिक गरेको नदेखिकोले पालिकाकोसम्पत्तिको उचित संरक्षण भएको देखिएन ।
</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>
सार्बजनिक सम्पत्तिको संरक्षण<br>
स्थानीय सरकार सन्चालन ऐनको दफा ९७ मा गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्ति, अन्य सार्बजनिक सम्पत्ति, सार्वजनिक प्रयोग स्थल, जग्गा वा अन्य संरचनाको अद्यावधिक अभिलेख राखि त्यस्तासम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकाले त्यस्ता सम्पत्तिको अद्यावधिक अभिलेख राखेको देखिएन । सार्वजनिक जग्गाको अद्यावधिक अभिलेख राखिअनुगमन नभएको कारण समेतबाट सार्वजनिक,पर्ति जग्गाले ओगटेको क्षेत्रफल पुरै सावुद रहे, नरहेको र त्यस्ता सार्बजनिक तथा सामुदायिक सम्पत्ति बेचबिखन गर्न वाअरु कुनै ब्यहोराले हक हस्तान्तरण वा लिजमा दिए, नदिएको सम्बन्धमा एकिन हुन सकेन ।
</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>
बजेट तथा कार्यक्रम स्वीकृत<br>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले आगामी आर्थिकवर्षको राजश्व र व्ययको अनुमान, सोही ऐनको दफा ६५,६६,६७ र स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ५ बमोजिम प्रकृयापुर्याइ आषाढ १० गतेभित्र सभामा पेश गर्नुपर्ने र ऐनको दफा ७१ (६) बमोजिम असार मसान्त भित्र बजेट पारित गरीसक्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले आ. ब.२०७७।७८ को बार्षिक कार्यक्रम तथा बजेट देहाय बमोजिम तोकिएको प्रकृया नपुर्‍याई मिति २०७७।३।१० मा रु.५५ करोड ५४लाख ३५ हजार बजेट सभा समक्ष पेश गरी सभाले मिति २०७७। ३।२९ मा बजेट पारित
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गरेको छ। स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमादिग्दर्शनको देहाय प्रकृया तथा कार्यतलिकाको अबधिभित्र कार्य भएको नदेखिएकोले तोकिएको प्रकृया तथा कार्यतलिकाको बमोजिम बजेट पारित गरीनुपर्दछ । | |

| बजेट तयारी चरण | नियममा रहेको अबधि | कार्य भएको मिति | कानूनी ब्यबस्था |
|---|---|---|---|
| स्थानीय राजस्व परामर्श समितिले राजस्व प्रक्षेपण गरी कार्यपालिकामा पेश गरी गर्नुपर्ने । | प्रत्येक बर्ष पौष १५ भित्र | - | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५,र स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को बुदा ५ |
| आगामी आर्थिक बर्षको लागि आय ब्ययको प्रक्षेपण गरिएको तथ्यांक सहितको बिबरण नेपाल सरकारमा पेश गर्ने । | पौष मसान्त भित्र | - | अन्तर सरकारी बित्त ब्यबस्थापन ऐन २०७४ को दफा १८ |
| स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले श्रोतको प्रक्षेपण , सन्तुलित बितरणको खाका , बजेट सीमा निर्धारण गर्ने । | प्रत्येक वर्षको बैशाख १० गते भित्र सम्पन्न गरिसक्नु | - | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६( ६) र स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ५ |
| आगामी आर्थिक बर्षको बजेट सिमा, गाउपालिका, नगरपालिका, बिषयगत महाशाखा,शाखा तथा वडा समितिलाई पठाउने । | प्रत्येक वर्षको बैशाख १५ गते भित्र सम्पन्न गरिसक्नु | - | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६( ७) र स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ५ |
| प्राप्त बजेटको सिमाभित्र रहि बिषयगत माहाशाखा,शाखा तथा बडा समितिले पालिकाको योजना,क्रार्यक्रम तथा अनुमानित, बजेट तर्जुमा गरी पेश गर्नुपर्ने । | | - | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६( ८) र स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ५ |
| बजेट तथा कार्यक्रम तर्जुमा समितिले बिषयगत महाशाखा,शाखा तथा वडा समिति बाट प्राप्त बजेट प्राथमिकीकरण गरी अन्तिम प्रस्ताब कार्यपालिकामा पेश गरी कार्यपालिकाबाट स्विकृत गर्नु पर्ने। | असार ५ गते भित्र | - | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ र स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को बुदा ५ |
| गाउँ वा नगर कार्यपालिकाबाट स्वीकृत भएको वार्षिक बजेट तथा कार्यक्रम उपाध्यक्ष वा उपप्रमुख वा निजको असमर्थतामा कार्यपालिकाले तोकेको कार्यपालिकाको कुनै सदस्य मार्फत गाउँ वा नगर सभामा प्रस्तुत गरी सक्नु पर्ने । | असार १० गतेभित्र | २०७७।३।१० | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१(१) |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | बजेट तथा कार्यक्रम सभाले पारित गरिसक्नु पर्ने | असार मसान्त भित्र | २०७७।३।२९ | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१(६) | |
| | | | सभाले स्वीकृत गरेको वार्षिक बजेट तथा कार्यक्रम सर्वसाधारणको जानकारीको लागि प्रकाशन र सम्बन्धित पालिकाको वेवसाईटमा अपलोड गर्नु पर्ने । | श्रावण १५ भित्र | - | स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ बुदा ५ | |

१४

**बजेट कार्यान्वयन**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट बजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । त्यस्तै बजेट कार्यन्वयन गर्दास्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ६ र ७ देहाय बमोजिमको प्रक्रिया पुर्‍याइबजेट तथा योजना कार्यान्वयन गर्नपर्ने ब्यबस्था छ । गाउँपालिकाले आर्थिक वर्ष २०७७।७८ को बार्षिक बजेट २०७७ असार २९ मा सभावाट स्वीकृत गरेकोमा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई मिति २०७७।४।२ मा बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको भएपनि बजेट कार्यान्वियनका देहाय चरणहरुको कार्यान्विन गरेको देखिएन ।ऐनले तोकेबमोजिम र स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, प्रक्रिया तथा कार्यतालिका बमोजिम बजेट कार्यान्वयन प्रक्रियालाई अबलम्बन गरीनुपर्दछ ।

| बजेट कार्यान्वियनका चरण | नियममा रहेकोअबधि | कार्य भएको मिति | कानूनी ब्यबस्था |
|---|---|---|---|
| अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई बजेटखर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने । | सभावाट बजेट स्वीकृत भएको सात दिन भित्र | २०७७/४/२ | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ |
| प्रमुख प्रशासकीय अधिकृतले स्विकृत कार्यक्रम सम्बन्धित विभाग/ महाशाखा/ शाखा /इकाइ प्रमुख र वडा सचिवलाई लिखित रुपमा योजना कार्यान्वियनकोजिम्मा दिनुपर्ने । | अख्तियारी प्राप्त भएको १५ दिनभित्र | छैन | स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ६ |
| सम्बन्धित विभाग/ महाशाखा/ शाखा/ ईकाइ प्रमुख र वडा सचिवले कार्यक्रम कार्यान्वियनकोकार्यतालिका प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्ने । | योजना कार्यान्वियनको जिम्मा प्राप्त भएको मितिले ७ दिनभित्र | छैन | स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ६ |
| सबै विभाग/ महाशाखा /शाखा / इकाइ प्रमुख र वडा सचिवबाट प्राप्त कार्ययोजनालाई प्रमुख प्रशासकीय अधिकृतले एकिकृत गरी एकीकृतकार्यान्वियन कार्ययोजना कार्यपालिका समक्ष पेश गर्नु पर्ने । | | छैन | स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ६ |
| गाउँ / नगर कार्यपालिकाले वार्षिक खरिद योजना तथा गुरुयोजना स्वीकृत गरी सो अनुरुप खरिद कार्यको व्यवस्थापन गर्नुपर्ने । | आर्थिक वर्ष शुरु भएको एक महिना भित्र | छैन | स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ६ |
| अनुगमन तथा सुपरीबेक्षण समिति गठन गरी, समितिले काम गरेको प्रतिबेदन प्रत्येक २ महिनामा कार्यपालिकामा पेश गर्नुपर्ने र कार्यपालिकाले अनुगमन तथा सुपरीबेक्षण समितिको प्रतिबेदनको आधारमा | एकिकृत गरी एकीकृतकार्यान्वियनकार्ययोजना कार्यपालिका समक्ष पेश गरेको १५ | समितिले काम गरेको प्रतिबेदन | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १६(४) ख (५)र स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | योजना कार्यन्वयनमा देखिएका त्रुटिहरु सच्चाउन तथा समय र गुणस्तर कायम गर्न सम्बन्धित पक्ष (उपभोक्ता समिति,निर्माण ब्यबसायी,परामर्शदाता र कर्मचारी)लाई आबश्यक निर्देशन दिनुपर्ने । | दिन भित्र समितिले कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्ने | कार्यपालिकामा पेश हुने नगरेको | दिग्दर्शन, २०७४को बुदा ६.२.१ र ६.२.१ | |
| | | | वडा अनुगमन समिति गठन गरी बडास्तरिय योजना अनुगमन गर्दा देखिएको बिषयका सम्बन्धमा अनुगमन तथा सुपरीबेक्षण समितिलाई नियमित रुपमा जानकारी गराउनुपर्ने । | | समितिले काम गरेको प्रतिबेदन अनुगमन तथा सुपरीक्षण हुने नगरेको। | स्थानीय सरकारसंचालन ऐन, २०७४ को दफा १६(४) ग (४) र स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ६.२.३ | |
| | | | गाउपालिकाले ५ करोड र नगरपालिकाले १० करोड भन्दा बढि लागतका आयोजनाको योजना सम्पन्न भएको २ बर्ष भित्र तेश्रो पक्षबाट प्रभाब मुल्याङकन गराउनुपर्ने | | ५ करोड भन्दा बढिका योजना नभएको | स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ६.२.४ | |
| १५ | | | **विषय क्षेत्रगत खर्च अबस्था**<br>स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४ को बुदा ५.१.३ मा बजेटको पुर्व तयारी गर्दा गाऊँ वा नगर कार्यपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालन गर्ने विकास क्रियाकलापहरुलाई विषयगत क्षेत्र तोकी कार्यपालिकाका सदस्यहरुलाई विषय क्षेत्रगत जिम्मेवारी दिनु पर्नेछ । त्यस्तै सोहि दिग्दर्शनको बुदा ५.२.२.३ मा श्रोत अनुमान तथा बजेट निर्धारण समितिको काम, कर्तब्य अधिकारमा विषय क्षेत्रगत वजेटको सीमा निर्धारण गर्ने,र विषय क्षेत्रगत वजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तय गर्ने समेत ब्यबस्था छ। गाउँपालिकाले यस बर्ष दिग्दर्शन बमोजिम श्रोत अनुमान तथा बजेट निर्धारण समितिले विषय क्षेत्रगत वजेटको सीमा निर्धारण गर्ने कार्यर विषय क्षेत्रगत वजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तय नगरी बिषयगत क्षेत्रमा देहाय बमोजिम बजेट तथा खर्च गरेको छ । दिग्दर्शन बमोजिम विषय क्षेत्रगत वजेटको सीमा निर्धारण गर्ने कार्यर विषय क्षेत्रगत वजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तय गरी बजेट तर्जुमा तथा खर्च गरिनु पर्दछ । | | | | |

| बिषयगत क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ४३८८५००० | ३४८६६४५९ | ९०।१८ |
| सामाजिक बिकास | २९५८८०००० | २५०६०१४६७।८८ | ८४।०७ |
| पूर्वाधार विकास | १५४१३४३७५।०० | ९३६०२४९६।३२ | ६०।७३ |
| सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र | ८२००००० | ६१५८०८२ | ७५।०९ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | ११४९१८८६८ | ७९७३९६०१।२५ | ६९।३९ |
| जम्मा | ६१७०१८२४३ | ४६४९६८१८४।४५ | ७५।३५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १६ | | | **संगठन तथा कर्मचारी ब्यवस्थापन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ६७ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृतसहित ५९ जना पदपूर्ती भएको र का.स.माकार्यरत कर्मचारी फाजिलमा रहेको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका अधिकृत छैठौ लेखा अधिकृत सब इन्जीनियर , सहित पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ | |
| १७ | | | **योजना छनौट र प्राथमिकीकरण**<br>स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका बिषयमा स्थानिय स्तरकाको बिकासका लागी आबधिक,बार्षिक, रणनीती बिषय क्षेत्रगत मध्यकालिन तथा दिर्घकालिन बिकास योजना बनाई लागु गर्नुपर्ने रयोजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुको साथै मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ।पालिकाले योजना छनौट गर्दा ऐनमाभएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ।साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यसवर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन् | |

| क्र. सं. | विवरण | योजना संख्या | बजेट रकम |
|---|---|---|---|
| १ | रु १ लाख भन्दा कमको योजना | ८४ | ६६०५००० |
| २ | रु एक लाख एक देखि पाँच लाख सम्मका योजना | २२८ | ६२३३५००० |
| ३ | रु ५ लाख देखि १० लाख सम्मका योजना | १४ | १००५०००० |
| ४ | दश लाख एक देखि ५० लाख सम्मका योजना | ५ | ७७००००० |
| ५ | ५० लाख भन्दा माथीका | २ | १४२००००० |
| | जम्मा | ३३३ | १००८९०००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१८</td><td></td><td></td><td>चौमासिक खर्च<br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ।कार्यालय ले उपलव्ध गराएको विवरण अनुसार प्रथम चौमासिकमा ५.१३% दोस्रोचौमासिकमा २२.३८%तेस्रोचौमासिकमा ७२.६२% र आषाढ महिनामा ३०.३१% खर्च भएको देखिएको छ। । चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिमकार्यसम्पादन सम्पन्न नगरी वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुपआषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्न चौमासिककार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन गरिनुपर्दछ।
<table>
<tr><th rowspan="2">सि.नं.</th><th rowspan="2">पूँजीगत खर्च शीर्षक</th><th rowspan="2">कुल खर्च</th><th colspan="3">चौमासिक खर्च</th><th rowspan="2">आषाढ महिनाको मात्र खर्च</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेस्रे चौमासिक</th></tr>
<tr><td>१</td><td>गाउँपालिका पूँजिगत</td><td>१७३९२१७८८</td><td>१०६७९८४९</td><td>४५५१२११७</td><td>११४५९५८२१</td><td>४१६४४५०९</td></tr>
<tr><td>२</td><td>संघिय शशर्त पूँजिगत</td><td>३४२४०६०४</td><td>०</td><td>१०८००००</td><td>३००२६६०४</td><td>२१४५१७७१</td></tr>
<tr><td></td><td>कूल खर्च:</td><td>२०८१६२३९२</td><td>१०६७९८४९</td><td>४६५९२११७</td><td>१४४६२२४२५</td><td>६३०९६२८०</td></tr>
<tr><td></td><td>खर्च प्रतिशत</td><td>१००</td><td>५.१३</td><td>२२.३८</td><td>७२.६२</td><td>३०.३१</td></tr>
</table></td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>खर्च खाताको मौज्दात<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा स्थानान्तरण गरी आर्थिक बर्षको अन्त्यमा शुन्य गरि आगामी आर्थिक बर्षको लागी नबिकरण गरेर मात्र सञ्चालन गनुपर्दछ ।आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रन्सफर गर्नुपर्नमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि चालु खर्च खतामा रु १०९२६७०६ पुजीगत खर्च खातामा रु -७३६६५६७ समेत गरी रु.३५६०१३९ मौज्दात रहेको पाईयो ।ऐन बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा स्थानान्तरण गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>बिद्यालय अनुगमन</td><td></td></tr>
<tr><td>२०.१</td><td></td><td></td><td>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७ मा सामुदायीक बिद्यालयहरूको शैक्षिक गुणस्तर स्थितीको नियमित रुपमा अनुगमन गरी सो को एक प्रति प्रतिबेदन शिक्षा तथा मानवस्रोत केन्द्र पठाउने र सोको कार्यान्यन गरी बिद्यालयमा शैक्षिक गुस्तर सुधार गर्ने ब्यवस्था छ । यस पालिकाले आ.व मा बिद्यालयको शैक्षिक गुणस्तरको बारे अनुगमन गरेको प्रतिबेदन नदेखिएकोले आफनो पालिका अन्तरगतका बिद्यालयहरूको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिनु पर्ने देखिन्छ ,।</td><td></td></tr>
<tr><td>२०.२</td><td></td><td></td><td>निजी बिद्यालयहरूको शुल्क निधारण स्थितीको अनुगमन प्रतिबेदन तयार गरी शुल्कको बारे एकिन गरी बिद्यालयको शुल्कमा सुधार गरी शैक्षिक सुधार गर्नुपर्ने ब्यवस्था छ । यस पालिकाले यस आ.व. मा बिद्यालयको शुल्क निधारण बारे अनुगमन गरेको प्रतिबेदन नदेखिएकोले आफनो अन्तरगतका बिद्यालयहरूको शुल्क निधारण बारे अनुगमन गर्नतर्फ ध्यान दिनु पर्नेदेखिन्छ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२१</td><td></td><td></td><td>आन्तरीक आय</td><td></td></tr>
<tr><td>२१.१</td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयको पहिचान गर्नपर्ने ब्यबस्था अनुसार निर्धारित आय क्षेत्र अनुसारको को आय प्राप्त भए नभएको सम्बन्धमा बिश्लेषण गरी तोकिए बमोजिम आय प्राप्त नहुनुको कारण पहिचान गरी सो अनुसार ब्यबस्थापन गरेको पाईएन ।</td><td></td></tr>
<tr><td>२१.२</td><td></td><td></td><td>स्थानीयसरकारसंचालनऐन, २०७४कोदफा ५५, ५७, ५८ र ५९मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क लगायत अन्य दस्तुर उठाउने व्यवस्था रहेको छ । पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेको छ । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२१.३</td><td></td><td></td><td>आर्थिक कार्यविधि नियमिततथा ब्यबस्थित गर्न बनेको ऐन २०७४ को दफा १३ मा जिम्मेवार ब्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदको हकमा सोहि दिन वा भोलिपल्ट तोकिएको बैक खातामा दाखिला गरी श्रेस्ता खडा गनुपर्ने ब्यबस्था छ। त्यस्तै सोहि दफामा दश दिनसम्म ढिलो गरेको भए दश प्रतिशत १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिबाना गरी दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिला गरेको भए २५ प्रतिशत जरीवाना गरी नगद दाखिला गर्न लगाइ कसुरको मात्रा अनुसार निजमाथि विभागीय कारवाही सम्म गर्न सक्ने ब्यबस्था छ । पालिकाको देहाय आम्दानी राजश्व खातामा दाखिला नभई बाकी देखिएकोले ऐनको सो ब्यबस्था बमोजिम दाखिला गनुपर्ने रु
<table>
<tr><th>वडा</th><th>आम्दनी</th><th>दाखिला</th><th>दाखिला गर्नुपर्ने</th></tr>
<tr><td>८</td><td>३७६९३४</td><td>३४३६५८</td><td>३३२७५।१०</td></tr>
</table>
</td><td>३३,२७५.१</td></tr>
<tr><td>२२</td><td></td><td></td><td>बढी भुक्तानी<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च लेख्नु अधि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आबश्यक बिल भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाच गर्नुपर्ने ब्यबस्था छ ।पालिकाले बडा नं ६ को भबन निर्माण ई बिडिङ्ग मार्फत प्रचित कन्ट्रक्सनलाई देहाय बमोजिम ४२५२५२४ बराबरको कार्य गराई प्रथम र दोश्रो रनिङ बिल बाट रु ४२७०५२४ भुक्तानी गरेको छ । नियमाबली बमोजिम खर्च लेख्नु अधि त्यस्तो रकम खर्च गर्न जाच नगरी बढी भुक्तानी भएको देखिएकोले असुल गर्नुपर्ने रु
<table>
<tr><th>गो भौ नं र मिति</th><th>बिबरण</th><th>खर्च रकम</th><th>कार्यसम्पन्न रकम</th></tr>
<tr><td>२०५।२०७८।१।७</td><td>प्रथम रनिङ बिल</td><td>२३४४३६०</td><td></td></tr>
<tr><td>४३०।२०७७।३।२९</td><td>अन्तिम रनिङ बिल</td><td>१९२६१६४</td><td>४२५२५२४</td></tr>
<tr><td></td><td>जम्मा</td><td>४२७०५२४</td><td>४२५२५२४</td></tr>
</table>
</td><td>१८,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २३ | | | **निरीक्षण तथा परिक्षण**<br>सार्बजनिक खरिद नियमवली २०६४ को नियम ११५ मा सार्बजनिक निकायले आपुर्ति गरीएका मालसामान सम्झौतामा उल्लेखित प्राबिधिक स्पेशिफिकेशन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गराउनुपर्ने ब्यबस्था छ । पालिकाले गो भौ न ४२।२०७८।१।२३ बाट सिलबनदी बोलपत्र मार्फत रु ५६०३४० ।खरिद गरी ल्याएको औषधिको प्राबिधिक स्पेशिफिकेशन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गरेको देखीएन । नियमावलीको ब्यबस्था बमोजिम औषधिको स्पेशिफिकेशन र गुणस्तर परीक्षण नगराउदा औषधिको गुणस्तर , औषधिको म्याद एकिन नहुने हुदा स्पेशिफिकेशन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गराउनु पर्दछ । | |
| २४ | 1 | २०७७-११-२० | **नपुग बिल भरपाई**<br>आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । तर पुतली खोला मुहानघरी अँधेरी दले पानी कुलो निर्माण सिँचाई योजनाको खर्च रु.3850586 लेखिएकोमा रु.3870706 को मात्र बिल पेश हुन आएकोले नपुग बिल पेश गर्नु पर्ने अन्यथा असुल गरी दाखिला गर्नु पर्ने रु. | २०,१२० |
| २५ | | | **उपभोक्ता बाट निर्माण कार्य** | |
| २५.१ | | | सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को १३ (क) मा उपभोक्ता समिती वा लाभग्राहि समुदायले प्राप्त गरेको कुनै काममा निर्माण ब्यवसायीलाईसंलग्नगर्न नपाइने ब्यवस्था छ । यस गाउँपालिकामा उपभोक्ता समिति मार्फत संचालित देहाय योजनाको निर्माणसम्बन्धि कार्यमा नियमावलीमा भएको ब्यवस्था बिपरित निर्माण ब्यावसायीलाई सहभागी गराई कार्य गराएको देखिएको छ ।खरिद नियमावली बमोजिम उपभोक्ता समिती वा लाभग्राहि समुदायले प्राप्त गरेको कुनै काममा निर्माण ब्यवसायीलाईसंलग्न गराउन हुदैन । | |

| गो भौ न मिति | उपभोक्ता समितिको को नाम | कार्य | खर्च रकम | कार्य गर्ने निर्माण ब्यबसायिको नाम | निर्माण ब्यबसायीको बिल रकम |
|---|---|---|---|---|---|
| २८३।२०७८।२।३ | हुलाक भञ्याङ बुढाबुढी सडक निर्माण उ स | बाटो निर्माण | ४८०००० | डि आर कन्ट्रक्सन | ४८००१८ |
| २९६।२०७८।२।२५ | थाक्ले पुछारदेखि खत्रि खोला सडक उ स | बाटो निर्माण | ३८४००० | नर्मदा एण्ड राउत कन्ट्रक्सन | ३८४२६१ |
| ५५।२०७७।१०।२६ | चारघरे साईपा पेवा झरना सडक उ स | बाटो निर्माण | ११३०४१० | आआरके कन्ट्रक्सन एण्ड मेनेजमेन्ट | १६५५५६१ |
| १३४।२०७७।११।२३ | रातमाटे रिनकौल माघखर्क सडक निर्माण उ स | बाटो निर्माण | ६६७३०६ | थापा निर्माण सामाग्री केन्द्र | ६१८६८५ |
